


For a complete list of flyers click here
or visit us online

www.islamicic.com/flyers

سبيلك للسلام

*Your Path To Peace..*

# इस्लाममा महिलाको अधिकार

7 - NEPALI

حقوق المرأة في الإسلام (7/10)

FREE COPY

आदरणीय

सम्मानित

कदरयोग्य

Dar Al Ber Society
www.daralber.ae

Your Path To Peace..

مركز المعلومات الإسلامي
Islamic Information Center
للتعريف بالإسلام

www.islamicic.com

تصريح رقم: (2017/139) دائرة الشؤون الإسلامية والعمل الخيري

# परिचय

इस्लाममा महिलाहरूलाई अधिनमा राख्ने, अन्याय, उत्पीडित वर्ग ठान्ने गरिन्छ, के वास्तविकतामा यस्तो उनिहरू सँग हुन्छ ? के लाखौं मुसलमानहरू अत्याचारी मात्र हुन् वा के यी सबै मन गढंत भ्रमका बिऊहरू सन्चारकर्मीहरूले रचेको जाल हो ?

'र, नियमानुसार महिलाहरूलाई पुरूष माथि अधिकार त्यति कै छ जति पुरूषहरूलाई माहिलाहरू माथि छ।'
(कुरआन, २:२२८)

चौध बर्ष भन्दा अघि नै, इस्लामले महिलाहरू माथि अधिकार दिई सकेको छ जुन पश्चिमी महिलाहरूले हालै प्राप्त गर्ने सरु गरेका छन्। १९३० ई.स. मा अन्नी बिसेंटले यो कुरालाई माने कि 'बिगत बीस वर्षमा पहिले मात्र बेलायती मसीहिहरूले अंशको हकमा महिलाहरूको अधिकारलाई मानेका छन्, जबकि इस्लामले यो अधिकारलाई हरेक समयमा अनुमति दिएको छ। यो एउटा लान्छना नै हो कि यो भन्नु कि इस्लामले महिलाहरूको आत्मा नै हुदैंन भनेर उपदेश दिन्छ।' ( मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम को जीवनी र उपदेशहरु , १९३२).

महिला र पुरूषको उत्पति प्रथम पुरूष,'आदम' (उहाँ माथि शान्ति होस्) बाट भएको हो। इस्लामले न्याय र दयालु व्यवहार बाहेक कुनै हालतमा उहिहरू सँग कुनै अरू तरिकालाई स्वीकार गनेको छैन।

# समान पूण्य र समान जिम्मेवारी

महिला र पूरूषले एकै तरिकाले अल्लाह तआलाको पूजा गर्दछन, अर्थात उनिहरू एउटै ईश्वर अल्लाहको पूजा गर्छन, पूजाको समान कार्यविधिलाई प्रस्तुत गर्छन, एउटै लिपिलाई अनुसरण गर्छन र एउटै आस्था राख्छन। अल्लाह (अरबी शब्द हो जो सारा संसारको सिर्जनाको सत्य ईश्वरको हुनुहुन्छ।) ले सम्पूर्ण मानवलाई निष्पक्ष र समान न्यायको साथमा फैसला गर्नु हुन्छ। अल्लाह तआला मानसिक व्यवहारमा जोर दिनुहुन्छ र महिला र पुरूष दुबैलाई प्रतिफल दिनु हुन्छ, यो कुना कुराहरूको कुरआनको विभिन्न श्लोकहरूमा यसरी वर्णन गरिएको छः

'अल्लाह तआलाले यी आज्ञाकारी पुरूष र आज्ञाकारी महिलाहरू संग स्वर्गको वाचन दिनु भएको छ, जसमुनी बगिरहेको हुनेछन्, जसमा उनिहरू सधैं रहने छन् र पवित्र निवास गृहहरूको पनि कसम दिनु भएको छ, जुन समाप्त नहुनेवाला स्वर्गमा छन्।
(कुरआन, ९:७२)

'के तिमीहरू मध्ये कर्तव्य गर्नेहरूको कामको, चाहे त्यो नर होस या नारी खेर फालिदैंन।'

यी श्लोकहरूले यो दर्शाउने गर्दछ कि पुण्य कार्यमा निर्भर हुन्छ तर कसैको वर्ग (महिला या पुरूष) मा निर्भर हुदैंन। एउटा मान्छेको इनाम पाउन र फैसला हुनुमा वर्गले कुनै भूमिका खेल्दैन।

यदि हामी इस्लाम सँग अरू धर्मको तुलना गर्छौं भने यसले वर्गहरूमा न्यायको प्रस्ताव राखेको देख्छौं। उदाहरण स्वरूप इस्लामले निषेधित रूखबाट फल खान आदम भन्दा हव्वालाई दोषी ठहराउनुलाई खारिज गर्छ। इस्लाम अनुसार आदम र हव्वा दुबै दोषी थिए, दुबैले पश्चाताप गरे सत्य ईश्वर अल्लाह तआलाले दुबैलाई क्षमा गर्नु भयो।

## ज्ञान प्राप्ति गर्नमा समान अधिकार

महिला र पुरूष दुबैलाई समान पुर्वक ज्ञानको खोजको लागि प्रोत्सहन गरिएको छ। मुहम्मद (उहाँ माथि शान्ति होस) ले भन्नु भएको छ,'शिक्षा हरेक मुस्लिम माथि अनिवार्य गरिएको छ।'

साथै महान मुस्लिम महिला विद्वानहरू मुहम्मद (उहाँ माथि शान्ति होस) को समयमा छरिएका थिए। त्यस मध्ये कोहि उहाँको परिवार र अरू अनुयायीहरूको साथै उहाँहरूको छोरीहरू पनि हुनुहुन्थ्यो। उहाँहरू मध्ये प्रमुख मुहम्मद (उहाँ माथि शान्ति होस) को पत्नी आइशा हुनुहुन्थ्यो, जसको माध्यमबाट इस्लामिक व्यवस्थाको एक चौथाई शिक्षा पाईन्छ।

अन्य महिलाहरू पनि विधिशास्त्रको ठूलो विद्वान थिए र प्रसिद्ध पुरूष विद्ववानहरू तिनीहरूको विद्यार्थीहरूको रूपमा थिए।

## पति वा पत्नीको छनौट गर्नमा बराबरको अधिकार

इस्लामले महिलालाई एक पति छनौट र आफ्नो विवाह पछि मुल परिवारिक नाम राख्न अनुमति दिएर सम्मानित गरेको छ। यस बाहेक धेरैको गुनासो यो छ कि, आमा बाबुले आफ्नो छोरीको विवाह जबर जस्ती गर्ने गर्छन। यो एक सांस्कृतिक अभ्यास हो र इस्लाममा यसको कुनै आधार छैन। वास्तवमा यो निषेध छ।

मुहम्मद (उहाँ माथि शान्ति होस) को समयमा एउटा स्त्री आईन र भनिन,'मेरो बुबाले आफ्नो सामाजिक दर्जा बढाउँनको लागि मेरो काकाको छोरा सँग विवाह गरिदिनु भएको छ र म यसमा बाध्य भएको थिए।' मुहम्मद (उहाँ माथि शान्ति होस) ले केटीको बुबालाई बोलाउनु भयो र त्यस पछि आफ्नो उपस्थितिमा कोटीको विवाहलाई बाँकी राख्न वा विवाहलाई अमान्य ठहर गर्ने विकल्प दिनु भयो। उनिले आफ्नो प्रतिकृया बताईन कि,'हे अल्लाहका संदेशवाहक, मेरो बुबाले जे गरिदिनु भयो, म स्वीकार गर्छु, तर म अन्य महिलाहरूलाई यो देखाउन चाहन्थे कि,'तिनीहरूको ववाहमा बाध्य न गरियोस् भनेर।'

## समानतामा यध्यापि भिन्नता

पुरूष र महिलाको अधिकार एक सामान्य सिद्धान्त अनुसार बराबर छ, जबकि तिनीहरूलाई दिएको विशिष्ठ अधिकर र जिम्मेवारी समान छैनन। पुरूष र महिलाको पूरक अधिकार र जिम्मेवारीहरू छन।

भित्री र बाहिरी संरचनात्मक मतभेद देखि पर वैज्ञानिकहरूलाई थाहा छ पुरूष र महिलाको दिमाग भाषा, जानकारी र भावनाको प्रक्रियामा धेरै अन्य सूक्ष्म मतभेदहरू छन्, केही यहाँ उल्लेख गरिन्छ।

एक सामाजिक-जीव विशेषज्ञ, हार्वर्ड विश्व विद्यालयको एडवर्ड ओस्ब्रोन विल्सन भन्छन, माहिलाहरू मौखिक कौशल, सहानुभूति र सामाजिक कौशलमा अन्य चिजहरू बिच पुरूषहरू भन्दा उच्च हुने गर्छन, जबकि मानिसहरू स्वतन्त्र, प्रभुत्व, स्थानिक र गणितीय कौशलमा, व्यक्तिगत दर्जा सम्बन्धि आक्रमण र अन्य विशेषताहरूमा उच्च हुने गर्छन।

दुवै वर्गका यानि महिला, पुरूषलाई समान व्यवहार गर्नु र उनिहरूको मतभेदलाई बेवास्ता गर्नु मूर्खता हुनेछ। इस्लामको शिक्षा अनुसार पुरूष र महिलाका पुरका रूपमा अझै विभिन्न भूमिकाहरू छन किनभने यो उनिहरूको प्रकृति सँग सबै भन्दा राम्रो उपयुक्त हुनेछ। अल्लाह तआलाले कुरआनमा भन्नु भएको छ,

'अनि पुरूष महिला जस्तो हुदैंन।' (कुरआन ३:३६)

के उसलाई थाहा नहोस जसले सिर्जना गर्नुभयो ? जबकी उहाँ सुक्ष्मदर्शी र हरेक कुराबाट अवगत हुनुहुन्छ। (कुरआन ६७:१४)

# परिवारिक एकता

सत्य ईश्वरले महिला र पुरूषलाई, असाधारण भूमिका, कौशल र जिम्मेवारीमा भिन्नताको लागि सिर्जना गर्नु भएको छ यी भिन्नताहरू श्रेष्ठता र हिनताको प्रमाणको रूपमा परिवारको आर्थिक कुशल उत्तरदायी बनाइएको छ, जबकी महिलालाई पनिवारको लागि भौतिक, शैक्षिक भावुक कुशल कार्यमा योगदान गर्छिन। यो प्रोत्सहन प्रतियोगिता भन्दा अझ सहयोग गर्ने छ।
आफ्नो आपसी जिम्मेवारीलाई पुरा गर्दै मजबूत परिवारहरूको सिर्जना हुन्छ र त्यस पछि मजबूत समाजहरू।

साथै, भावुकताको साथ, न महिला न त पुरूष एक अर्का बिना एक खुशी जिन्दगी गुजार्न सक्छन। अल्लाहले यस कुरालाई सुन्दरता साथ वर्णन गर्दै भन्नु हुन्छः

'तिनीहरू तिम्रो वस्त्र हुन र तिमीहरू उनका वस्त्र हौं।' (कुरआन २:१८७)

लुगा कपडाले न्यानोपन, सुरक्षा साथै कसैलाई राम्रो देख्ने योग्य बनाउँछ यसरी नै लोग्ने स्वास्नी बिचको सम्बन्धलाई इस्लाममा परिभाषित गरिएको छ।

# माया र दया दम्पत्ति सम्बन्धमा

मुहम्मद (उहाँ माथि शान्ति होस) ले पनि राम्रो तरीकाबाट पुरूषलाई आफ्नो पत्नी सँग व्यवहार गर्न प्रोत्सहन गरेका छन्, 'तिमीहरू मध्य सर्वश्रेष्ठ ऊ छ जो (व्यवहार) मा आफ्नो स्वास्नीहरू सँग उत्तम छ।'

र (यो पनि) उसको निशानीहरू मध्य हो कि उसले तिम्रै सहजातीबाट तिम्रो लागि जोडी (श्रिमती) सृष्टि गर्यो, ताकी तिमी उनिबाट आराम प्राप्त गर र उसले तिम्रो बिच प्रेम र सहानुभूति सृष्टि गर्यो, निश्चय नै यसमा धेरै निशानीहरू छन्, उनको लागि जो सोच विचार गर्दछन। (कुरआन ३०:२१)

आईशा (मुहम्मद सल्ललाहु आलैहि व सल्लम) सँग एक पटक शोधियो कि मुहम्मद स. को आचरण आफ्नो घरमा कस्तो थियो। उनिले भनिन,'उहाँ आफ्नो घरमा तपाईहरू जस्तै हुनुहुन्थ्यो, अझै उहाँ सबै भन्दा दयाशील र सबै भन्दा उदार थिए.....उहाँ घरको साधारण काममा आफ्नो पत्नीहरूलाई मदतको हात दिन तयार हुन्थ्यो, उहाँ आफ्नो लुगा आफैं सिलाउनु हुन्थ्यो र आफ्नो जुत्ता आफैं मरमत गर्नुहुन्थ्यो,'उहाँ सामान्य, जे काममा पनि आफ्नो पत्नीहरूको मदत गर्नु हुन्थ्यो।

# आमा र छोरीहरूको उच्च स्थिति

एउटा आमाको एक बच्चामा सबै भन्दा ठूलो प्रभाव छ विशेष गरि उनको स्नेह, हेर विचार र प्रेम पहिलो वर्ष मा नै । यो सत्य हो कि समाजको सफलता आमाको कारण नै छ। त्यस कारण, इस्लाम नै केवल उनिहरूको आदर र स्थितिलाई खडा गर्नको लागि सही छ।

*अल्लाह कुरआनमा भन्छन्:*

'र मैले मानिसहरूलाई आफ्ना आमा बुबा सँग राम्रो व्यवहार गर्न आदेश दिएको छु। उसकी आमाले उसलाई पेटमा दुःखका साथ राखिन र उसलाई दुःखका साथ जन्म पनि दिईन।' (कुरआन ४६:१५)

एक पटक मुहम्मद (उहाँ माथि शान्ति होस्) सँग सोध्यौं,'हे अल्लाहको संन्देशवाहक, मानिसहरू बीचमा मेरो राम्रो व्यवहारको योग्य को छ ? 'उहाँले भन्नुभयो,'तपाईको आमा, त्यस मानिसले, दुई पटक भन्दा अधिक सोध्यो,'त्यस पछि को ?, र फेरी उसले उत्तर त्यही पायो। केवल चौथो पटक अगमवक्ता मुहम्मद सल्लल्लाहु आलैहि व सल्लमले जवाफ दिनु भयो,' त्यस पछि तिम्रो बाबा।' (सहिह बुखारी, ५६७१) पूण्य मात्र आमाहरूलाई राम्रो र नरम व्यवहार गर्नाले दिइदैन। वास्तवमा इस्लामले छोरीहरू हुर्काउनको लागि एक विशेष पूण्य तोकेको छ जो कि छोराहरू हुर्काउनको लागि तोकिएको छैन।

Reference: www.islamicpamphlets.com

मुहम्मद (उहाँ माथि शान्ति होस्) ले भन्नु भयो,'जसलाई अल्लाहले दुई छोरीहरू दिइएको छ र उसले तिनीहरूलाई नरम व्यवहार गरेको छ तिनीहरू उसको लागि स्वर्गमा प्रवेशको लागि कारण हुनेछन्।'

# निष्कर्ष

इस्लाम आउनु अघि, महिलाहरूलाई लाज मर्दो पात्र ठानिन्थ्यो जीवितै गाडिन्थ्यो, वेश्यावृत्ति व्याप्त थियो, सम्बन्ध विच्छेद मात्र पतिको हातमा थियो, राजसंस्था बलियो मान्छेको लागि मात्र थियो र अत्याचार व्यापक थियो। इस्लाम आयो र यी क्रियाकलापहरूलाई खारिज गर्यो। अझै पनि विकसित देशहरूमा महिलालाई आदर मर्यादा र सम्मान दिएको छैन, एक्लै महिलालाई समान कामको लागि समान अधिकार देऊ। तर इस्लाम, महिलालाई अनमोल र बहुमूल्यको रूपमा सम्मान गर्छ, अनादर वा अपमान गर्दैन। केही मध्य-पूर्वी देशहरू वा मुसलमान पनिवारमा महिलालाई दुरव्यावहारको कारण केही मुस्लिमहरूको गलत ढंगले सांस्कृतिक कारकको अनुसरण गर्नु हो, न त इस्लामको कारण। यदि यो दमनकारी धर्म द भने किन संसार भरि धेरै महिलाहरू स्वेच्छाले इस्लाममा प्रवेश गर्थ्यो।

अब हामी समाप्ति गछौं आफ्ना ईश्वर र हजुरहरूको ईश्वरको शब्दले, जो सम्पूर्ण महिला र पुरूष जातिलाई बनाउने र सृष्टिकर्ता हुन्,

*बिना संन्देह मुस्लिम पुरूष र मुस्लिम महिला, ईमानवाला पुरूष र ईमानवाला महिलाहरू, निष्ठा पूर्वक आज्ञापालन गर्ने पुरूष र निष्ठावान महिलाहरू र सत्यवादी पुरूषहरू र सत्यवादी महिलाहरू, धैर्यवानपुरूषहरू र धैर्य गर्ने स्त्रीहरू, विनम्रता देखाउने पुरूषहरू र विनम्रता देखाउने स्त्रीहरू, सदका (दान) दिने पुरूष, र दान दिने स्त्रीहरू, रोजा (व्रत) बस्ने पुरूष र रोजा बस्ने स्त्रीहरू, आफ्ना गुप्तांगहरूको रक्षा गर्ने पुरूष र रक्षा गर्ने स्त्रीहरू र अल्लाहलाई धेरै स्मरण गर्ने पुरूष र स्मरण गर्ने स्त्रीहरू यिनीहरूका निम्ति अल्लाहले क्षमा र ठूलो प्रतिफल तयार गरेको छ।*

www.islamicic.com WhatsApp +97156 2042 045
+971 4 3555 223 info@islamicic.com 25020 Dubai - UAE islamicicdxb
DONATIONS VIA SMS: SEND THE WORD "ISLAM" TO
10 AED 2289 Etisalat Du
50 AED 2252 Etisalat Du
100 AED 6027 Etisalat Du